
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति*

**मुद्राप्रदाय**

१. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा विस्तृत मुद्राप्रदाय १३.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ६.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । वार्षिक विन्दुगत आधारमा २०६८ चैत मसान्तमा विस्तृत मुद्रा प्रदाय १९.४ प्रतिशतले वृद्धि भएको छ । वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हुँदा विस्तृत मुद्रा प्रदायमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा संकुचित मुद्रा प्रदाय भने अघिल्लो वर्षको सोही अवधिमा ०.२ प्रतिशतले घटेको तुलनामा ७.४ प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा २०६८ चैत मसान्तमा यस्तो मुद्रा प्रदाय १३.२ प्रतिशतले वृद्धि भएको छ ।




२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ९१ अर्ब ३७ करोड (४२.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. १४ अर्ब ९४ करोड (७.० प्रतिशत) ले घटेको थियो । समीक्षा अवधिमा निर्यातमा सुधार आउनुका साथै विप्रेषण आप्रवाह उल्लेख्यरुपमा बढेकोले खुद सेवा आय र चालू खाता सन्तुलन दुबै धनात्मक भएको र पूँजीगत ट्रान्सफर खातामा समेत सुधार देखिएकोले भुक्तानी सन्तुलन सुदृढ भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हो ।

**कुल आन्तरिक कर्जा**

३. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा कुल आन्तरिक कर्जा ३.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ७.६ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०६८ चैत मसान्तमा यस्तो कर्जा ९.७ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ८.७ प्रतिशतले मात्र वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा १२.९ प्रतिशतले विस्तार भएको थियो ।

---


* विगतमा मौद्रिक सर्भेक्षणमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुको वासलातलाई मात्र समावेश गर्ने गरिएकोमा आर्थिक वर्ष २०६८/६९ को चार महिनादेखि मौद्रिक सर्वेक्षणको दायरामा विकास बैंक तथा वित्त कम्पनीहरुलाई समेत समावेश गरी विस्तृत मौद्रिक सर्वेक्षण प्रकाशनमा ल्याइएको छ । प्रस्तुत मौद्रिक विवरणहरु यसैमा आधारित रहेका छन् ।

**सञ्चित मुद्रा**

४. समीक्षा अवधिमा सञ्चित मुद्रा ११.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ४.७ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०६८ चैत मसान्तमा सो मुद्रा २५.२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको सरकार र बैंक तथा वित्तीय संस्थाहरु माथिको दावी घटेपनि खुद बैदेशिक सम्पत्ति उल्लेख्यरुपमा बढेकोले सञ्चित मुद्राको विस्तार उच्च रहन गएको हो ।

**बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति**

५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १३.५ प्रतिशत (रु. ११० अर्ब ७३ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ७.५ प्रतिशत (रु. ५४ अर्ब ६२ करोड) ले मात्र बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंकहरुको निक्षेप परिचालन १५.८ प्रतिशतले, विकास बैंकहरुको १०.८ प्रतिशतले र वित्त कम्पनीहरुको १.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालनको वृद्धिदर क्रमशः ३.५ प्रतिशत, १८.३ प्रतिशत र १४.३ प्रतिशत रहेको थियो ।




**बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति**

६. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी १०.१ प्रतिशत (रु. ८६ अर्ब ४९ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कर्जा तथा लगानी ११.३ प्रतिशत (रु. ८४ अर्ब २० करोड) ले बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः १२.८ प्रतिशत, ६.० प्रतिशत र ०.३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ८.४ प्रतिशत (रु. ५८ अर्ब ५२ करोड) ले मात्र बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १३.३ प्रतिशत (रु. ८० अर्ब ६४ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये बाणिज्य बैंकहरुको १२.० प्रतिशतले बढेको छ भने विकास बैंक र वित्त कम्पनीहरुको क्रमशः ०.८ प्रतिशत र ४.० प्रतिशतले घटेको छ ।

७. समीक्षा अवधिमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. १८ अर्ब ४९ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. २० अर्ब ९७ करोडले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको नौ महिनासम्ममा कृषि क्षेत्रतर्फको कर्जा रु. ५९ करोडले घटेको तुलनामा समीक्षा अवधिमा रु. ६ अर्व ४९ करोडले बढेको छ । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. ७ अर्ब ४३ करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १३ अर्ब २६ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ३ अर्ब ३३ करोडले बढेको छ ।

### तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा खुला बजार कारोबार अन्तर्गत रिपो बोलकबोल मार्फत रु. ७४ करोड ३७ लाख तरलता प्रवाह भएको छ भने सोझै विक्री बोलकबोल मार्फत रु. ८ अर्ब ४० करोडको तरलता प्रशोचन भई खुद रु. ७ अर्ब ६५ करोड ६३ लाख तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिपो बोलकबोलबाट रु. ५६ अर्ब ९९ करोड तरलता प्रवाह भएको थियो भने बिक्री बोलकबोलबाट रु. २ अर्ब र रिभर्स रिपो बोलकबोलबाट रु. १९ अर्बको तरलता प्रशोचन भई खुद रु. ३५ अर्व ९९ करोडको तरलता प्रवाह भएको थियो ।

९. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ३१ करोड खुद खरिद गरी रु. १८१ अर्ब ८८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ७१ करोड खुद खरिद गरी रु. १२४ अर्ब ३१ करोड खुद तरलता प्रवाह गरेको थियो ।

१०. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब १४ करोड बिक्री गरी रु. १६८ अर्ब ३४ करोड बरावरको भा. रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ९० करोड बिक्री गरी रु. १३८ अर्ब ४ करोड बरावरको भा. रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग

११. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रु. १४५ अर्ब ५५ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रु. २७१ अर्ब ६९ करोड बराबरको यस्तो कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रु. ४ अर्ब ३७ करोडको स्थायी तरलता सुविधाको उपयोग भएकोमा सो रकम २०६८ चैत मसान्तमा चुक्ता भैसकेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १७१ अर्ब ६७ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा रु. २ अर्ब ८७ करोड बक्यौता रहेको थियो । समीक्षा अवधिमा बैंकहरुको निक्षेप परिचालन बढ्न गई तरलताको स्थिति सुदृढ भएकोले अन्तर-बैंक कारोवारका साथै स्थायी तरलता सुविधाको उपयोगमा कमी आएको हो ।


### अल्पकालीन व्याजदर

१२. अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०६८/६९ को चैत महिनामा अल्पकालिन व्याजदरहरुमा उल्लेख्य कमी आएको छ । सो अनुसार, ९१-दिने ट्रेजरी विलको भारित औसत व्याजदर अघिल्लो वर्षको चैत महिनामा ९.०६ प्रतिशत रहेकोमा २०६८ चैतमा १.०९ प्रतिशत रह्यो । त्यसैगरी, भारित औसत अन्तर-बैंक व्याजदर अघिल्लो वर्षको चैतमा ९.५४ प्रतिशत रहेकोमा २०६८ चैतमा ०.६९ प्रतिशत रहेको छ ।

## धितोपत्र बजार


१३. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा १४.३ प्रतिशतले घटी २०६८ चैत मसान्तमा ३१९.९५ विन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा १६.१ प्रतिशतले घटी २०६७ चैत मसान्तमा ३७३.२० विन्दु कायम भएको थियो । लगानीकर्ताहरुको आत्मविश्वास सुदृढ हुन

नसकेको र बजारमा शेयरको आपूर्ति समेत बढेकोले समीक्षा अवधिमा शेयरको मूल्यमा सुधार हुन सकेको छैन ।



चार्ट ३: नेप्से परिसूचक (२०६८)

१४. धितोपत्रको बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ८.८ प्रतिशतले घटी २०६८ चैत मसान्तमा रु. ३०१ अर्ब ९३ करोड कायम भएको छ । २०६८ चैत मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०६८/६९ को लागि अनुमानित कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात २२.१ प्रतिशत रहेको छ । २०६७ चैत मसान्तमा यस्तो अनुपात २७.२ प्रतिशत रहेको थियो ।



चार्ट ४: सूचीकृत कम्पनीहरूको चुक्ता पूंजी (२०६८ चैत मसान्त)

१५. बजार पूँजीकरणका आधारमा धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा बढी हिस्सा रहेको छ । २०६८ चैत मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको अंश ६८.४ प्रतिशत रहेको छ भने जलविद्युत क्षेत्रको ४.८ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.९ प्रतिशत, होटलहरूको १.९ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.४ प्रतिशत र अन्यको २०.६ प्रतिशत रहेको छ ।


१६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरूको संख्या २०६७ चैत मसान्तसम्ममा २०४ रहेकोमा २०६८ चैत मसान्तसम्ममा २१४ पुगेको छ । सूचीकृत कम्पनीहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता रहेको छ । २०६८ चैत मसान्तसम्ममा सूचीकृत कम्पनीहरूमध्ये १८२ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा ११.९ प्रतिशतले वृद्धि भई २०६८ चैत मसान्तमा रु. १०८ अर्ब ६६ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । चालू आर्थिक वर्षको पहिलो नौ महिनासम्ममा रु. १ अर्ब ३९ करोड ९५ लाख बराबरको साधारण शेयर, रु. २ अर्ब ३ करोड ६७ लाख बराबरको बोनस शेयर, रु. २ अर्ब १५ करोड ५१ लाख बराबरको हकप्रद शेयर, रु. ४ करोड बराबरको परिवर्त्य अग्राधिकार शेयर र रु. ८ अर्ब ५० करोड बराबरको सरकारी ऋणपत्र गरी कुल रु. १४ अर्ब १३ करोड १३ लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

उपभोक्ता मुद्रास्फीति

१८. आर्थिक वर्ष २०६८/६९ को चैत महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ४.६ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क १०.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १७.३ प्रतिशत र ५.३ प्रतिशत रहेको थियो ।





१९. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये घिउ तथा तेल उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात १५.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ५.३ प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः १६.३ प्रतिशत र १५.२ प्रतिशतले वृद्धि भएको दुग्ध पदार्थ तथा अण्डा र रेष्टुरेन्ट तथा होटल उप समूहहरु दुवैको मूल्य सूचकाङ्क समीक्षा अवधिमा १२.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा तरकारी तथा मदिराको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १०.९ प्रतिशत र ९.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वस्तुहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ६१.१ प्रतिशत र २.१ प्रतिशत रहेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा सूर्तिजन्य पदार्थ तथा माछा-मासु उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १७.१ प्रतिशत र ६.४ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ९.० प्रतिशत र ८.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा २१.१ प्रतिशत र १३.४ प्रतिशतले वृद्धि भएको मसला तथा खाद्यान्न उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा क्रमशः १२.३ प्रतिशत र ३.० प्रतिशतले ह्रास आएको छ ।

२०. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात उप-समूहको मूल्य सूचकाङ्कमा १७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ११.४ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा लत्ता कपडा तथा जुत्ता चप्पल र फर्निसिंग तथा घरायसी उपयोगका सामान उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १५.१ प्रतिशत र १३.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १६.९ प्रतिशत र ८.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा विविध वस्तु तथा सेवा उप-समूहहरुको मूल्य सूचकाङ्कमा १०.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्कमा ५.७ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ७.१ प्रतिशतले ह्रास भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पनि उक्त उप-समूहको मूल्य सूचकाङ्कमा १२.८ प्रतिशतले ह्रास भएको थियो ।

२१. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी पहाडमा ८.४ प्रतिशत, तराईमा ७.८ र काठमाडौं उपत्यकामा ६.४ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रहरुमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ११.९ प्रतिशत, ८.२ प्रतिशत र १२.९ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

२२. समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ६.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ११.५ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गत आयातीत वस्तु र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमशः १४.३ प्रतिशत र ८.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको थोकमूल्य सूचकाङ्क क्रमशः ८.८ प्रतिशत र ९.१ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, अघिल्लो वर्ष १३.९ प्रतिशतले वृद्धि भएको कृषिजन्य वस्तुहरुको थोक मूल्य सूचकाङ्क भने समीक्षा अवधिमा २.० प्रतिशतले मात्र वृद्धि भएको छ ।



चार्ट ६: थोक मुद्रास्फीति (नौ महिना)

२३. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये फलफूल तथा तरकारी र नगदेबालीको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क क्रमशः १७.१ प्रतिशत र ३.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको थोकमूल्य सूचकाङ्कमा क्रमशः २८.९ प्रतिशत र ९.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी अघिल्लो वर्ष १२.७ प्रतिशतले वृद्धि भएको पशुपन्छीजन्य उत्पादनको सूचकाङ्कमा समीक्षा अवधिमा १.० प्रतिशतले मात्र वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ४१.० प्रतिशत र १२.८ प्रतिशतले वृद्धि भएको मसला र खाद्यान्न उप-समूहहरुको थोकमूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १८.४ प्रतिशत र ३.१ प्रतिशतले ह्रास आएको छ ।

२४. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको खाद्यजन्य पदार्थ र पेय तथा सुर्तीजन्य वस्तुको थोक मूल्य सूचकाङ्क क्रमशः १२.८ प्रतिशत र ७.१ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, निर्माण सामाग्रीको थोकमूल्य सूचकाङ्क समीक्षा अवधिमा ६.१ प्रतिशतले वृद्धि भएको छ ।

२५. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोईला र कपडाजन्य सामग्री उप-समूहहरुको थोकमूल्य सूचकाङ्क क्रमशः २७.८ प्रतिशत र २५.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, विद्युतीय सामाग्री र यातायातका साधन तथा पार्टपुर्जाको थोक मूल्य सूचकाङ्कमा क्रमशः १२.३ प्रतिशत र ७.० प्रतिशतले वृद्धि भएको छ ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२६. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क २१.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क २४.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क १९.३ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क २१.८

प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा कुनै परिवर्तन भएको थिएन भने ज्यालादर सूचकाङ्कमा ३२.८ प्रतिशतले वृद्धि भएको थियो।

२७. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थान र सैनिक र प्रहरी सेवाको तलब सूचकाङ्क क्रमशः ४२.४ प्रतिशत, २८.० प्रतिशत र २६.५ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, शिक्षा, निजामती र निजी संस्थाको तलब सूचकाङ्क क्रमशः १९.१ प्रतिशत, १८.७ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा कुनै परिर्वतन भएको थिएन।

२८. समीक्षा अवधिमा ज्यालादर अन्तर्गत औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क ३१.६ प्रतिशतले, निर्माण मजदुरको २३.१ प्रतिशतले र कृषि मजदुरको १७.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः १४.१ प्रतिशत, २७.९ प्रतिशत र ४३.७ प्रतिशतले वृद्धि भएको थियो।


## सरकारी वित्त स्थिति *

**बजेट घाटा/बचत**

२९. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा सरकारी बजेट रु. २४ अर्ब ६० करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ६ अर्ब ४७ करोड रहेको थियो। स्रोत परिचालनको तुलनामा कुल सरकारी खर्च न्यून रहेको कारण सरकारी बजेट बचतमा रहेको हो।

**सरकारी खर्च**

३०. नगद प्रवाहमा आधारित कुल सरकारी खर्च समीक्षा अवधिमा १९.१ प्रतिशतले वृद्धि भई रु. १८७ अर्ब २९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सरकारी खर्च १२.२ प्रतिशतले वृद्धि भएको थियो। अघिल्लो वर्षको वार्षिक बजेट आर्थिक वर्ष शुरू भएको पाँचौ महिनामा मात्र सार्वजनिक भई कार्यान्वयनमा आएकोमा चालू आर्थिक वर्ष समयमै बजेट सार्वजनिक भई कार्यान्वयनमा आएकोले कुल सरकारी खर्चको वृद्धिदर उच्च रहन गएको हो।





३१. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित चालू खर्चतर्फ रु. १४७ अर्ब ७७ करोड खर्च भएको छ भने पूँजीगत खर्चतर्फ रु. १८ अर्ब ७९ करोड मात्र खर्च भएको छ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ६५ मध्ये ६५ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४३ मध्ये ३५ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेड र ग्लोवल बैंक लिमिटेडका १-१ शाखाहरुबाट प्राप्त विवरणमा आधारित।

## सरकारी राजस्व

३२. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १८.१ प्रतिशतले वृद्धि भई रु. १७२ अर्ब ९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी राजस्व १५.१ प्रतिशतले वृद्धि भई रु. १४५ अर्ब ६६ करोड पुगेको थियो । समयमा नै बजेट कार्यान्वयनमा आएकोले आर्थिक क्रियाकलापहरुमा विस्तार भएको र कुल आयातमा वृद्धि भएको कारण राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढ्न गएको हो ।




३३. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १५.१ प्रतिशतले वृद्धि भई रु. ५२ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १८.३ प्रतिशत रहेको थियो ।

३४. भन्सार राजस्व समीक्षा अवधिमा १३.४ प्रतिशतले वृद्धि भई रु. २९ अर्ब ९८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ५.४ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिको तुलनामा चालू आर्थिक वर्षको पहिलो नौ महिनासम्ममा कुल आयातमा भएको वृद्धिदरका कारण भन्सार राजस्वमा वृद्धि भएको हो ।

३५. अन्तःशुल्क राजस्व समीक्षा अवधिमा ११.७ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व १४.९ प्रतिशतले वृद्धि भएको थियो । उच्च अन्तःशुल्क लाग्ने सवारी साधन लगायतका वस्तुहरुको आयातमा आएको कमीका कारण अन्तःशुल्क राजस्वको वृद्धिदरमा कमी आएको हो ।

३६. समीक्षा अवधिमा आयकर राजस्व २३.३ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ८१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयकर राजस्व २७.२ प्रतिशतले वृद्धि भएको थियो ।


३७. समीक्षा अवधिमा गैर-कर राजस्व रु. २५ अर्ब २५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व रु. १९ अर्ब ४७ करोड पुगेको थियो ।

## वैदेशिक नगद ऋण र अनुदान

३८. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. ३ अर्ब ६१ करोड र वैदेशिक नगद अनुदानवापत् रु. ३१ अर्ब ८१ करोड प्राप्त भएको छ ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार




३९. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा १५.९ प्रतिशतले वृद्धि भई रु. ५५ अर्ब २४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ५.० प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब ६६ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको चैत महिनामा कुल वस्तु निर्यातमा फागुन महिनाको तुलनामा ११.८ प्रतिशतले वृद्धि भएको छ ।

४०. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा १८.४ प्रतिशतले वृद्धि भएको छ । यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा ७.५ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ०.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ११.१ प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ३.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २.७ प्रतिशतले मात्र वृद्धि भई अमेरिकी डलर २२ करोड ७० लाख पुगेको छ । भारततर्फ मुख्यतयाः लत्ताकपडा, पोलिस्टर धागो, अलैंची, तामाको तार र जी. आई. पाइप लगायतको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, तयारी पोशाक, पश्मिना, छाला र नेपाली कागज र सोका सामान लगायतको निर्यातमा वृद्धि भएको छ ।

४१. समीक्षा अवधिमा कुल वस्तु आयात १८.० प्रतिशतले वृद्धि भई रु. ३३९ अर्ब ८४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २.८ प्रतिशतले वृद्धि भई रु. २८७ अर्ब ९७ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा चैत महिनामा कुल वस्तु आयात फागुन महिनाको तुलनामा १०.७ प्रतिशतले वृद्धि भएको छ ।

४२. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको नौ महिनासम्ममा २४.४ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा १३.१ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा २४.६ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा २८.३ प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको २२.० प्रतिशत ह्रासको विपरित समीक्षा अवधिमा १८.० प्रतिशतले वृद्धि भई अमेरिकी डलर १ अर्ब ५२ करोड २५ लाख पुगेको छ । भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, कोइला, तयारी पोशाक, रासायनिक मल र एम.एस. वायर, रड, कोइला, बार लगायतको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, भटमासको कच्चा तेल, खाने तेल, चाँदी र अन्य मेशिनरी तथा पार्टस् लगायतको आयातमा वृद्धि भएको छ ।

४३. चालू आर्थिक वर्षको नौ महिनासम्ममा कुल वस्तु व्यापार घाटा १८.४ प्रतिशतले वृद्धि भई रु. २८४ अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा २.३ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा १२.०

प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा २८.३ प्रतिशतले वढेको थियो । त्यस्तै, अघिल्लो वर्षको नौ महिनासम्ममा २८.३ प्रतिशतले घटेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३१.९ प्रतिशतले वृद्धि भएको छ ।


४४. आयात व्यापारमा भएको वृद्धिको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १६.३ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.६ प्रतिशत रहेको थियो ।

**शोधनान्तर स्थिति**

४५. आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा समग्र शोधनान्तर स्थिति हालसम्मकै उच्च रु. ९१ अर्व ३७ करोडले वचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १४ अर्व ९४ करोडले शोधनान्तर घाटामा रहेको थियो । आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्ममा चालू खाता रु. ४१ अर्ब ९४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. १५ अर्ब २० करोडले घाटामा रहेको थियो । खासगरी विप्रेषण आय र वैदेशिक अनुदानमा भएको उच्च वृद्धिका साथै सेवा खातामा भएको उल्लेख्य सुधारका कारण चालू खातामा उल्लेख्य सुधार आएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा शोधनान्तर बचत १ अर्ब १५ करोड ८५ लाख डलर पुगेको छ भने चालू खाता बचत ५२ करोड ४३ लाख डलर पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर घाटा २० करोड ३५ लाख डलर पुगेको थियो भने चालू खाता घाटा २० करोड ८९ लाख डलर पुगेको थियो ।

४६. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा २.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १८.१ प्रतिशतले वृद्धि भई रु. २७४ अर्ब ४ करोड पुगेको छ । विगत केही वर्ष देखि घाटामा रहेको खुद सेवा आय समीक्षा अवधिमा रु. १२ अर्ब ४८ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा खाता घाटा रु. ८ अर्ब २४ करोड रहेको थियो । सेवा अन्तर्गत, अघिल्लो वर्षको पहिलो नौ महिनामा पर्यटन आयमा १७.७ प्रतिशतले ह्रास आएकोमा समीक्षा अवधिमा २८.९ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा ३३.१ प्रतिशतले वृद्धि भई रु. २९४ अर्ब ४९ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत पेन्सन आयमा २.४ प्रतिशतले कमी आई रु. २१ अर्ब ११ करोड पुगेको छ । विप्रेषण आप्रवाह अघिल्लो वर्षकोको सोही अवधिमा १०.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३६.५ प्रतिशतले वृद्धि भई रु. २४८ अर्ब १८ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको फागुन महिनाको तुलनामा चैत महिनामा विप्रेषण आप्रवाह २.८ प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको नौ महिनामा १२.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २५.१ प्रतिशतले वृद्धि भई ३ अर्ब १३ करोड ९४ लाख अमेरिकी डलर पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. ६ अर्ब ८४ करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी वापत रु. ५ अर्ब ६० करोड प्राप्त भएको थियो ।

**विदेशी विनिमय सञ्चिति**




४७. २०६८ चैत मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६८ असार मसान्तको रु. २७२ अर्ब १५ करोडको तुलनामा ४२.२ प्रतिशतले बढी रु. ३८६ अर्ब ९६ करोड पुगेको छ । २०६७ चैत मसान्तमा यस्तो सञ्चिति २०६७ असार मसान्तको तुलनामा ५.८ प्रतिशतले घटेर रु. २५३ अर्ब ३७ करोड रहन गएको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६८ असार मसान्तको रु. २१३ अर्ब १० करोडको तुलनामा २०६८ चैत मसान्तमा ५०.९ प्रतिशतले वृद्धि भई रु. ३२१ अर्ब ४७ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रमा रहेको परिवर्त्य विदेशी मुद्रा सञ्चिति २०६८ असारदेखि २०६८ चैत मसान्तसम्ममा १३.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्ब ५३ करोड ९३ लाख पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ३.७ प्रतिशतले बढेको थियो । त्यसैगरी, २०६८/६९ को पहिलो नौ महिनाको अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ८७.३ प्रतिशतले वृद्धि भई भा.रु. ६० अर्ब १८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति २६.४ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६८/६९ को नौ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.४ महिनाको वस्तु आयात र ९.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

४८. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६७ चैत मसान्तमा प्रति ब्यारल अमेरिकी डलर १२६.०४ रहेकोमा २०६८ चैत मसान्तमा ६.२ प्रतिशतल ह्रास भई प्रति ब्यारल अमेरिकी डलर ११८.२३ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६७ चैत मसान्तको तुलनामा २०६८ चैत मसान्तमा ११.९ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १६५३.० पुगेको छ ।

४९. २०६८ असार मसान्तको तुलनामा २०६८ चैत मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १३.६ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.५ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६८ चैत मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ८२.१३ पुगेको छ । २०६८ असार मसान्तमा उक्त विनिमय दर रु. ७०.९५ रहेको थियो ।